दुहवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : १४ प्रकाशन मिति : २०८०/१०/१४

## भाग १

# दुहवी नगरपालिका

## दुहवी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८०

# दुहवी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८०

नगर सभाबाट पारित मितिः २०८०/१०/११

प्रमाणीकरण मितिः २०८०/१०/१२

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १५ र दफा २४ को उपदफा (८) बमोजिम सार्वजनिक निजी साझेदारीको माध्यमबाट निजी क्षेत्रको पूँजी, प्रविधि, उद्यमशीलता र व्यवस्थापकीय क्षमता र दक्षतालाई आकर्षित गरी तथा नगरपालिकाको स्रोत साधन र निजी क्षेत्र समेतको स्रोत साधन परिचालन हुने गरी नगरपालिकाका पूर्वाधारयुक्त संरचना साथै आर्थिक, सामाजिक, वातावरणीय र संस्थागत विकासका क्षेत्रमा निजी क्षेत्र समेतका सम्भावित साझेदारको परिचालन र समन्वयको लागि स्थानीय स्तरमानै कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी दुहवी नगरपालिकाको नगर सभाले यो ऐन बनाएकोछ ।

## परिच्छेद – १ (एक)
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्ररम्भः** (१) यस ऐनको नाम **"दुहवी नगरपालिका, सार्वजनिक निजी साझेदारी ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **"स्थानीय तह वा नगरपालिका"** भन्नाले दुहवी नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले दुहवी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **“प्रमुख”** भन्नाले दुहवी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(घ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले दुहवी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ङ) **“ऐन”** भन्नाले दुहवी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८० लाई जनाउँछ । यस शब्दले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ समेतलाई सम्झनु पर्छ ।

(च) **“सार्वजनिक निजी साझेदारी”** भन्नाले सम्बन्धित सार्वजनिक निकाय र निजी लगानीकर्ता बीच सार्वजनिक सेवा सँग सम्बन्धित कुनै योजनाको वित्तीय लगानी तथा स्रोत साधनमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई सम्लग्न गराउने गरी स्रोत र प्रतिफल बाँडफाँड गर्ने, जोखिम समेत व्यहोर्ने वा मुनाफा रहित सेवा प्रवाह गर्ने गरी सार्वजनिक निजी साझेदारी वा सार्वजनिक निजी सामुदायिक साझेदारी वा सार्वजनिक सामुदायिक साझेदारीमा पूर्वाधार संरचना निर्माण, योजनाको सञ्चालन तथा व्यवस्थापन, योजनाको पुनर्स्थापना वा सार्वजनिक सेवा प्रवाह गर्ने गरी दुहवी नगरपालिका र निजी क्षेत्रबीच भएको करारीय प्रवन्धलाई सम्झनु पर्छ ।

(छ) **“सार्वजनिक निकाय”** भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कार्यालय, नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकाङ्स स्वामित्वमा वा नियन्त्रणमा रहेको संस्था, कम्पनी वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित वा गठित अन्य सङ्गठित संस्था वा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल सरकारले सार्वजनिक निकाय भनी तोकिदिएको सार्वजनिक निकाय वा संस्थालाई सम्झनु पर्छ ।

(ज) **“निजी क्षेत्र”** भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गत योजनाको कार्यान्वयन गर्ने सार्वजनिक निकाय बाहेकका कानूनी मान्यता प्राप्त व्यक्ति, उपभोक्ता, समूह, फर्म, कम्पनी, बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, स्थानीय सामुदायिक संघसंस्था वा गैर सरकारी संस्थालाई सम्झनु पर्छ ।

(झ) **“योजना”** भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्ने भनी नगरपालिकाले तोकेका वा सूचीकृत गरेका वा स्वीकृत गरेका वा पहिचान गरी प्राथमिकता निर्धारण गरेका साथै आवधिक, वार्षिक तथा मध्यमकालीन र रणनीतिक योजना वा मध्यमकालीन खर्च संरचना वा योजना बैंङ्कमा समावेश भएका सामाजिक आर्थिक विकास तथा सेवा प्रवाह साथै पूर्वाधार संरचनाको डिजाईन, निर्माण, विकास, सञ्चालन व्यवस्थापन गरिने योजना/आयोजना/परियोजना तथा कार्यक्रमलाई सम्झनु पर्छ । यस शब्दले मौजुदा पूर्वाधार संरचनाको पुनर्स्थापना, मर्मतसंभार, आधुनिकीकरण, विस्तार साथै तीनको सञ्चालन व्यवस्थापन लगायत आर्थिक, सामाजिक, वातावरणीय तथा संस्थागत विकाससँग सम्बन्धित योजना तथा कार्यक्रमलाई समेत जनाउनेछ ।

(ञ) **“पूनःस्थापना”** भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत संभार वा विस्तार वा पूनर्निर्माण गरी पुनःस्थापना गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ट) **“अनुमानित योजना लागत”** भन्नाले देहाय बमोजिम जुन बढी हुन्छ सो लागतलाई सम्झनु पर्छ ।

१. योजना कार्यान्वयन गर्ने निकायले गरेको सम्भाव्यता अध्ययनमा उल्लेख भएको योजनाको निर्माण, विकास तथा सञ्चालन व्यवस्थापनमा लाग्ने रकम वा

२. सम्भाव्यता अध्ययनका क्रममा उल्लेखित सार्वजनिक निकायबाट निजी क्षेत्रमा जाने जम्मा अनुमानित रकमको खुद वर्तमान मूल्य पछिल्लो सरकारी ऋणपत्रको दरमा २ प्रतिशत थप गर्दा आउने रकम ।

(ठ) **“पूर्वाधार संरचना”** भन्नाले नगरपालिका क्षेत्रमा निर्माण गरिने सडक, पुल, आकाशेपुल, अस्पताल, नहर, बैकल्पिक ऊर्जा, ट्रलीबस, नगरबस, मेट्रो सेवा, ट्रामवे, प्रदर्शनी स्थल, पार्क, जलासय, बाँध, ढल निकास, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, बधशाला, कृषि, वन, सिंचाई तथा पर्यटन, रङ्गशाला, सार्वजनिक सभागृह, बहुआयामिक भवन, व्यवसायिक भवन, सार्वजनिक गोदाम घर, सपिङ्ग कम्पलेक्स समेतका

संरचनालाई सम्झनु पर्छ । यस शब्दले यस्तै प्रकृतिका अन्य संरचना समेतलाई जानाउनेछ ।

(ड) **“समिति/उपसमिति/इकाई/कार्यदल”** भन्नाले यसै ऐन बमोजिम साथै यस ऐनको कार्यान्वयनलाई सहज बनाउन निर्माण गरिएको नियम/निर्देशिका/कार्यविधिमा तोकिए बमोजिम गठन गरिएका वा भएका सार्वजनिक निजी साझेदारीसँग सम्बन्धित समिति/उपसमिति/इकाई/कार्यदललाई सम्झनु पर्छ ।

(ढ) **“लगानीकर्ता”** भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गत निर्माण तथा सञ्चालन गरिने योजना/आयोजना/परियोजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा लगानी गरेको वा लगानी गर्न ईच्छा व्यक्त गरेको व्यक्ति, उपभोक्ता, समूह, फर्म, कम्पनी, बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, स्थानीय सामुदायिक संघसंस्था वा गैर सरकारी संस्था वा निकाय वा समुदायलाई सम्झनु पर्छ ।

(ण) **“लगानी”** भन्नाले सार्वजनिक निजी साझेदारीमा सञ्चालनमा आएका वा आउने योजना/आयोजना/परियोजना तथा कार्यक्रममा भएको वा हुने लगानीलाई सम्झनु पर्छ ।

(त) **“प्रस्ताव”** भन्नाले नगरपालिकाको सार्वजनिक निजी साझेदारी नीति तथा ऐन अन्तर्गत रहेर सार्वजनिक सूचना मार्फत माग गरिएका वा सोझै प्राप्त भएका सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने योजना/आयोजना/परियोजना तथा कार्यक्रमका लागि पेस गरेको प्राविधिक तथा आर्थिक प्रस्तावलाई सम्झनु पर्छ ।

(थ) **“संझौता”** भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गतका योजना/आयोजना/परियोजना तथा कार्यक्रमको कार्यान्वयनका लागि नगरपालिका र लगानीकर्ताबीच गरिने सम्झौतालाई सम्झनु पर्छ ।

(द) **“शुल्क/सेवा शुल्क/महशुल/कर”** भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गतका योजना/आयोजना/ परियोजना तथा कार्यक्रमको निर्माण, सञ्चालन तथा व्यवस्थापन वा उपयोग गरे गराए वापत सम्बन्धित उपभोक्ता सँग लिने शुल्क/महशुल/कर सम्झनु पर्छ ।

(ध) **"कोष"** भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालन हुने योजना/आयोजना/ परियोजना तथा कार्यक्रमहरुको सञ्चालन व्यवस्थापनका लागि स्थापना गरिने कोषलाई जनाउँछ ।

(न) **"सर्वेक्षण"** भन्नाले कुनै पनि योजना कार्यान्वयन गर्नका लागि गरिने सम्भाव्यता अध्ययन, इन्जियनिरिङ ड्रइङ डिजाईन, उत्खनन्, अन्वेषण, नापजाँच लगायत यस्तै प्रकार र प्रकृतिका अध्ययन अनुशन्धन गर्ने कार्यलाई सम्झनु पर्छ ।

(प) **"अनुमति पत्र"** भन्नाले यसै ऐन बमोजिम सार्वजनिक निजी साझेदारी वा निजी लगानीमा योजना कार्यान्वयन गर्न प्रदान गरिएको अनुमति पत्र वा इजाजतपत्रलाई सम्झनु पर्नेछ ।

(फ) **"अनुमति प्राप्त कर्ता"** भन्नाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न अनुमति पत्र वा इजाजतपत्र वा अख्तियारी प्राप्त गरेको कुनै पनि व्यक्त्ति/संस्था/निकाय/समुदायलाई सम्झनु पर्छ ।

(ब) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम/निर्देशिका/कार्यविधिमा साथै नगर सभा वा कार्यपालिका बाट तोकिएको वा तोकिए बमोजिम हुने व्यवस्था वा प्रावधानलाई सम्झनु पर्छ ।

(भ) **"उपभोक्ता"** भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारीमा निर्माण भएको वा सञ्चालन व्यवस्थापन भएको पूर्वाधार संरचनाबाट वा सेवा प्रवाहका क्षेत्रबाट सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति/संस्था वा निकायलाई सम्झनु पर्छ ।

# परिच्छेद - २ (दुई)
# साझेदारीका क्षेत्र, साझेदारी तथा लगानी ढाँचा, योजना छनौट तथा प्राथमिकीकरण र विवरण तयारी सम्बन्धी व्यवस्था

**३. साझेदारीका क्षेत्रः** (१) पूर्वाधार आयोजनामा साझेदारीका क्षेत्र देहाय बमोजिम हुनेछन्ः-

(क) सडक, पुल, सुरुङ्ग मार्ग, रेलवे लाईन, सुख्खा बन्दरगाह र जलमार्ग ।

(ख) अस्पताल र स्वास्थ्य केन्द्र ।

(ग) खानेपानी, नहर तथा सिञ्चाइ, जलाधार क्षेत्र र जलासयको संरक्षण र व्यवस्थापन ।

(घ) जलविद्युत, सौर्य ऊर्जा, बायो ऊर्जा तथा नविकरणीय ऊर्जा उत्पादन र वितरण ।

(ङ) विद्युतीय बस सेवा, ट्रलीबस सेवा, मेट्रो सेवा, केबुलकार र रोपवे ।

(च) मनोरञ्जन स्थल, पार्क, पर्यटकीय क्षेत्र, रङ्गशाला, सभागृह र प्रदर्शनी स्थल, भ्यूटावर ।

(छ) सार्वजनिक गोदामघर, व्यावसायिक भवन, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, फोहोरबाट बायो ग्यास र विद्युत उत्पादन प्लान्ट ।

(ज) कृषि बजार, पशुपन्छी बजार, पशु बधशाला, औद्योगिक र विशेष आर्थिक क्षेत्रहरूको विकास तथा व्यवस्थापन ।

(झ) आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष योगदान पुर्याउने व्यवसायिक तथा सांस्कृतिक भवन/कम्प्लेक्स जस्ता संरचना निर्माणका लागि स्थानीय उपभोक्ताले अग्रिम भुक्तानी गर्ने गरी निर्माण लागतमा समेत सोझै सहभागिता हुने प्रकृतिका नगरपालिकाको प्राथमिकताका योजनाहरु ।

(ञ) नगरपालिकाले तोकेका अन्य क्षेत्रहरु ।

(२) सामाजिक आर्थिक विकास र सेवा प्रवाहका योजनामा साझेदारीका क्षेत्र देहाय बमोजिम हुनेछन् ।

(क) जनस्वास्थ्य, सरसफाई, पोषण, गर्भवती तथा नवजात शिशु स्याहार, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ सम्बन्धी जनचेतना विस्तार सेवा प्रवाहका कार्यक्रम

(ख) पशुपन्छीको स्वास्थ्य जाँच, उपचार र खोप सेवा ।

(ग) जडिबुटी, तरकारी, फलफुल, पशु, माछा, मौरी, नगदेबाली र यस्तै अन्य क्षेत्र को पकेट क्षेत्र को विकास तथा व्यस्थापन ।

(घ) लघु उद्यम प्रर्वधन, लघु बित्त र लघु बिमा सेवाको विस्तार ।

(ङ) विद्यालय जाने अवसर नपाएका, बीचैमा विद्यालय छाडेका, मौसमी बसाईसराईका कारण पठन पाठनमा बाधा पुगेका र अपाङ्गता भएका बालबालिकाको शिक्षा, स्वास्थ्य र सरसफाई व्यवस्थापन ।

(च) वित्तीय साक्षरता विस्तार ।

(छ) बजार मागमा आधारित रोजगारमूलक सीप विकासका कार्यक्रम ।

(ज) वातावरणीय तथा संस्थागत विकासका क्षेत्रहरु

(झ) नगरपालिकाले तोकेका अन्य क्षेत्रहरू।

(३) उपदफा (१) र (२) मा उल्लेख भएका साझेदारीका क्षेत्रहरुलाई थप स्पष्ट पार्न आवश्यक रहेमा नगरपालिकाले वा यसै ऐन बमोजिम बन्ने नियम/निर्देशिका/कार्यविधिमा थप स्पष्ट पार्न कुनै बाधा पुग्ने छैन ।

४. **साझेदारीका ढाँचाः** (१) पूर्वाधार संरचनासँग सम्बन्धित योजनाहरुको कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारीको ढाँचा (मोडेल) देहायमा उल्लेख भएका मध्ये कुनै एक वा एक भन्दा बढी वा प्रचलित ऐन कानून र सम्भावना समेतका आधारमा तोकिएका ढाँचा बमोजिम हुनेछन् ।

१. निर्माण तथा हस्तान्तरण
२. निर्माण, सञ्चालन तथा हस्तान्तरण
३. निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण
४. निर्माण, हस्तान्तरण तथा सञ्चालन व्यवस्थापन

५. लिज तथा भाडा, सञ्चालन व्यवस्थापन तथा हस्तान्तरण
६. लिज, निर्माण, सञ्चालन व्यवस्थापन तथा हस्तान्तरण
७. विकास, सञ्चालन व्यवस्थापन तथा हस्तान्तरण

(२) आर्थिक तथा सामाजिक विकासका योजनाहरुको कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारीको ढाँचा (मोडेल) देहायमा उल्लेख भएका साथै सम्बन्धित क्षेत्रका प्रचलित ऐन कानूनमा उल्लेख भएका सम्भाव्य ढाँचा मध्ये कुनै एक वा एक भन्दा बढी वा प्रचलित ऐन कानून र सम्भावना समेतका आधारमा तोकिए बमोजिमका ढाँचा हुनेछन् ।

१. सामाजिक सेवा करार
२. बजारीकरण करार
३. विशेष सेवा प्रवाह करार,

(३) उपदफा (१) र (२) मा उल्लेख भएका अतिरिक्त प्रचलित ऐन कानूनको अधिनमा रही भविष्यमा संघीय तथा प्रदेश सरकार साथै नगरपालिकाले समय समयमा तोक्ने अन्य प्रकारका उपयुक्त ढाँचाहरु समेत यसै ऐन बमोजिम व्यवस्था भएका ढाँचाको रुपमा मानिनेछ ।

**५. लगानीको ढाँचाः** (१) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने योजनाहरु समान्यतया निजी क्षेत्रको एकल लगानीमा कार्यान्वयन गर्ने कार्यलाई प्रथम प्राथमिकता दिनु पर्नेछ ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको प्राथमिकतामा परेको कुनै पनि योजनामा नगरपालिका र निजी क्षेत्रको संयुक्त लगानीमा कार्यान्वयन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमका कुनै योजनामा सङ्घीय वा प्रदेश सरकार वा अन्य स्थानीय तहको एकल वा संयुक्त लगानी साझेदारीमा कार्यान्वयन गर्न सकिने अवस्था रहेमा सोही बमोजिम गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिमका योजनामा नगरपालिका तथा अन्य सार्वजनिक निकायबाट गरिने लगानी तथा साझेदारीको हिस्सा योजनाको प्रकृति अनुसार आपसी सहमति र क्षमताका आधारमा फरक फरक हुन सक्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम कार्यान्वयनमा आउने योजनाहरुको प्रस्ताव तथा सम्झौतामा सम्बन्धित निकाय समेतको आधिकारिक हस्ताक्षर तथा छाप अनिवार्य रहनेछ ।

६. **सार्वजनिक निजी साझेदारी नमानिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै योजनामा वित्तीय, प्राविधिक, सञ्चालन वा व्यवस्थापन, जोखिम व्यवस्थापन सम्बन्धमा नगरपालिका र निजी क्षेत्र दुवैको सहभागिता वा साझेदारी नरही नगरपालिकाले निजी क्षेत्रबाट मात्र कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन भएका तथा हुने योजनालाई सार्वजनिक निजी साझेदारी बमोजिमको कार्यान्वयन वा प्रवन्ध भएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम सञ्चालन वा कार्यान्वयनमा आएका वा आउने योजना सञ्चालन गर्दैजाँदा नगरपालिका र सम्बन्धित कार्यान्वयन कर्ता निजी क्षेत्र विच आपसी सहमति भई नगरपालिकाको समेत सहभागिता वा साझेदारीको व्यवस्था गरी उक्त योजनालाई सार्वजनिक निजी साझेदारीमा परिवर्तन गर्न कुनै बाधा पुगेको मानिने छैन ।

७. **सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने योजनाः (१)** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिमका योजना सार्वजनिक निजी साझेदारीको माध्यमबाट कार्यान्वयन गरिने छैन ।

क. योजना सम्बन्धी वित्तीय, प्राविधिक, सञ्चालन वा व्यवस्थापन अन्तर्गत पर्ने जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरु ।

ख. सार्वजनिक सम्पति वा दायित्व निजीकरण हुने ।

ग. सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने ।

घ. सार्वजनिक कार्यको लागि निजी क्षेत्रबाट प्रदान गरिएको सहयोग, दान, चन्दा वा उपहार प्राप्त हुने ।

ङ. देशको सुरक्षा सम्बन्धिका प्रावधानहरु समावेश वा आकर्षित हुने योजनाहरु ।

च. सार्वजनिक हितका दृष्टिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने योजनाहरु ।

छ. नगरपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगर्ने भनी निर्णय गरेका वा निर्णय गरी सूचीकरण भएका वा तोकिए बमोजिमका योजनाहरु ।

**८. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरीने योजनाको छनौट प्रकृयाः** (१) नगरपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयनमा ल्याउने योजनाहरुको छनौट देहाय बमोजिमका कुनै एक वा एक भन्दा बढी विधि र प्रक्रियाबाट गर्न सक्नेछ ।

१. सामान्यतया नगरपालिकाले योजना तर्जुमा सम्बन्धिका नियमित प्रक्रिया अवलम्बन गरी सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने योजनाहरुको सूची तयार गरेर ।

२. सार्वजनिक सूचना मार्फत योजना माग गरेर ।

३. सार्वजनिक निजी साझेदारीमा योजना कार्यान्वयन गर्न चाहने कुनै व्यक्त्ति/संस्था/निकाय/समुदायबाट सम्भाव्यता अध्ययन समेत गरी तयार गरेको परियोजना प्रस्ताव सहित नगरपालिकाको सम्बन्धित समिति/शाखा/इकाईमा सोझै निवेदन प्राप्त गरेर ।

४. संस्थागत संरचना बमोजिम जिम्मेवार समिति/शाखा/इकाईले निजी क्षेत्र, प्राज्ञिक वर्ग तथा समुदाय, विषयगत विज्ञ र सरोकारवालाहरुसँग छलफल/अन्तरक्रिया/गोष्ठी गरेर ।

५. योजना पहिचान र छनौटका लागि विधि सम्बतका सम्भाव्य सवै प्रकारका अन्य उपायहरु अवलम्बन गरेर ।

(२) उपदफा (१) बमोजिम पहिचान तथा छनौट भएका योजानहरुको सूची तोकिए बमोजिमको जिम्मेवार प्राप्त समिति/इकाई/शाखाले तयार गरी सूची सहित स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७

बमोजिम गठन भएको नगरपालिकाको “बजेट तथा कार्यक्रम तर्जुमा समिति” मार्फत कार्यपालिकामा पेस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छलफल तथा निर्णयका लागि कार्यपालिकामा पेस भएका योजनाहरुका बारेमा कार्यपालिकाले पर्याप्त छलफलका साथ परिमार्जन गरी वा नगरी सबै वा आंशिक रुपमा स्वीकृत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कार्यपालिकाबाट कार्यान्वयनका लागि स्वीकृत भएका योजनाहरु नगरपालिकाको आवधिक, मध्यमकालीन तथा वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नका लागि नगरपालिकाको आर्थिक तथा प्राविधिक क्षमता समेतका आधारमा सबै वा आंशिक रुपमा स्वीकृतिका लागि नगरसभामा पेस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम नगर सभामा पेस भएका योजनाहरु नगर सभाले परिमार्जन गरी वा नगरी स्वीकृति प्रदान गर्न सक्नेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल नगर सभा बस्ने अवस्था नरहेमा कार्यपालिकाबाट स्वीकृत भई नगर सभाको स्वीकृतिको पर्खाईमा रहेका महत्वपूर्ण योजनाहरु सम्बन्धित योजनाको महत्व, प्राथिमकता, प्राप्त हुने प्रतिफल र प्रभाव समेतको लेखाजोखाका साथमा लगानी साझेदारको योगदान समेतलाई केन्द्र विन्दुमा राखेर आगामी नगर सभाबाट अनुमोदन गर्ने गराउने गरी कार्यान्वयनमा लैजान कुनै बाधा पुगेको मानिने छैन ।

(७) उपदफा (२), (३), (४) र (५) बमोजिम छनौट भएका योजनाहरु नगरपालिकाको योजना बैङ्कमा समावेश गर्नु पर्नेछ साथै योजनाको छनौट सम्बन्धी अन्य कार्य तोकिए बमोजिम हुनेछन् ।

९. **योजनाको प्राथमिकीकरणः** (१) नगरपालिकाको योजना बैङ्क/आवधिका विकास योजना समेतमा समावेश भएका तथा नगर सभा बाट स्वीकृत भएका वा कुनै पनि व्यक्ति/संस्था/निकायबाट सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्ने गरी प्रस्ताव गरेका योजनाहरु देहाय बमोजिमका आधारमा प्राथमिकीकरण गरिनेछ ।

१. आर्थिक विकासमा योगदान पुर्याउने ।
२. दिगो विकास लक्ष्यमा योगदान पुर्याउने ।
३. बढी जनसंख्या लाभान्वित हुने साथै पर्याप्त रोजगारी सिर्जना हुने ।
४. आयोजना सम्पन्न हुने अवधि छोटो हुने ।
५. आर्थिक, सामाजिक र वातावरणीय जोखिम कम हुने ।
६. नगरपालिकाको लगानी र दीर्घकालीन दायित्व कम हुने ।
७. निजी क्षेत्रको लगानी र व्यवस्थापन रहने साथै सार्वजनिक निजी साझेदारी संस्कृतिको विकासमा योगदान पुग्ने ।
८. सामाजिक समावेशीकरण सहित विपन्न र सीमान्तकृत समुदायलाई फाईदा पुग्ने ।
९. प्रत्यक्ष वा अप्रत्यक्ष लाभहरु बढी हुने साथै आधारभूत सेवा सुविधा विस्तार हुने ।
१०. तोकिए बमोजिमका अन्य महत्वपूर्ण आधारहरु ।

(२) उपदफा (१) बमोजिमका आधारहरु स्थानीय आवश्यकता र महत्त्वका आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा कार्यपालिकाले परिमार्जन गर्न सक्नेछ ।

(३) योजना प्राथिमकता निर्धारण गर्ने, प्राथिमकताका आधारहरुमा प्रदान गरिने अङ्कभार तथा प्राथमिकता क्रम तोकिए बमोजिम हुनेछ ।

**१०. विवरण तयारीः** (१) दफा (९) बमोजिम योजनाहरुको प्राथमिकता निर्धारण भईसके पछि वा सोझै कार्यान्वयनमा लैजाने योजनाको कार्यान्वयनमा लैजानु अघि देहाय बमोजिमका साथै तोकिए बमोजिमका विवरण तयार गर्नु पर्नेछ ।

क. योजनाको पृष्ठभूमि
ख. योजनाको औचित्य
ग. योजनाको कार्यान्वयनबाट लाभान्वित हुने बर्ग
घ. योजनाको कार्यान्वयन अवधि
ङ. साझेदारी गर्दा र नगर्दा विच देखिने भिन्तता

च. योजनाको कुल लगानी

छ. योजना तथा योजनाको कार्यान्वयनको ढाँचा

ज. साझेदारीको किसिम

झ. साझेदारहरुको प्रमुख जिम्मेवारी

ञ. साझेदार तथा लाभान्वित वर्गको हित संरक्षणका उपायहरु र तीनको सुनिश्चितता

ट. योजनाका जोखिम पक्षहरु र उक्त जोखिम व्यवस्थापनका उपायहरु

ठ. विवाद व्यवस्थापनका तरिकाहरु

ड. समीक्षा र समीक्षाका निष्कर्षहरुको समायोजनाको प्रक्रिया

ढ. सम्झौताको आधारभूत रुपरेखा

ण. योजना र कार्यान्वयनको प्रकृति अनुसारका अन्य पक्षहरु

(२) उपदफा (१) मा उल्लेख भए बमोजिम वा तोकिए बमोजिम योजनाको विवरण तयार गर्दा वा सम्भाव्यता अध्ययन/परियोजना प्रस्ताव तयार गर्दा योजनाको प्रारम्भिक बस्तुस्थितिको विश्लेषण, पूर्व सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, प्रारम्भिक लाभ, लागत र उपयोगको विश्लेषण साथै तोकिए बमोजिमका अन्य विषयहरु समावेश गर्नु पर्नेछ ।

## परिच्छेद — ३ (तीन)
## संस्थागत संरचना र कार्य जिम्मेवारी

**११. कार्यपालिकाः** (१) नगर सभाबाट स्वीकृत भएका सार्वजनिक निजी साझेदारीमा निर्माण, सञ्चालन तथा व्यवस्थापन हुने योजना कार्यान्वयनको संस्थागत संरचनाको सवै भन्दा माथिल्लो अङ्ग वा तहको रुपमा दुहवी नगरपालिकाको नगर कार्यपालिका रहनेछ ।

(२) कार्यपालिकाको काम कर्तव्य र अधिकार तथा जिम्मेवारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भएको अतिरिक्त देहाय बमोजिम रहनेछः

क. सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने वा हुने योजनाहरुको पहिचान तथा छनौटको उपयुक्त वातावरण तयार गर्ने साथै यसरी सञ्चालनमा ल्याउन सकिने गरी पहिचान तथा छनौट भएका योजनाहरुको कार्यान्वयनका लागि आवश्यक नीतिगत तथा प्रक्रियागत विषयहरुको सुनिश्चितता गर्नु गराउनु साथै आवश्यकता बमोजिम मातहतका समिति/इकाई/कार्यदल तथा शाखा/उपशाखाहरुलाई मार्गदर्शन गर्ने गराउने ।

ख. सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने योजनाहरुको स्वीकृति तथा बजेट व्यवस्थापन गर्ने गराउने ।

ग. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयनमा लैजान पहिचान तथा छनौट भएका योजनाहरुको कार्यान्वयनका लागि स्थानीय/राष्ट्रिय/अन्तराष्ट्रिय साझेदारहरुको पहिचान, समन्वय तथा आकर्षण गरी सम्भाव्य वातावरण सिर्जना गर्ने गराउने ।

घ. सार्वजनिक निजी साझेदारीमा निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न सकिने गरी छनौट भएका योजनाहरुको खरिद प्रक्रिया सुनिश्चित गर्ने गराउने ।

ङ. सार्वजनिक निजी साझेदारीका लागि आवश्यक समिति/इकाई/कार्यदल गठन गर्ने गराउने साथै यस ऐनमा उल्लेख भएका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीहरुका अतिरिक्त समय समयमा थप जिम्मेवारीहरु सुनिश्चित गर्ने/तोक्ने वा गराउने ।

च. सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने योजनाहरुको सफल कार्यान्वयनका लागि यसै ऐन बमोजिम व्यवस्था गरिएका मातहतका संरचनाहरुको कार्यसम्पादनको स्तर अभिबृध्दि गर्न आवश्यक पर्ने जनशक्ति विकास गर्ने गराउने ।

छ. सार्वजनिक निजी साझेदारीमा सञ्चालनमा रहेका योजनाहरुको कार्यान्वयनमा सम्बद्ध व्यक्ति/संस्था/निकाय/समुदायहरुसँग आवश्यक समन्वय, सभा वा गोष्ठीहरु गर्ने गराउने ।

ज. सार्वजनिक निजी साझेदारीलाई नगरपालिकाको विकासको महत्त्वपूर्ण नमूना र प्रभावकारी औजारको रुपमा स्थापना गर्न आवश्यक भूमिका निर्वाह गर्ने गराउने ।

झ. सार्वजनिक निजी साझेदारीका लागि नगर सभा बाट गरिएका निर्णयहरुको सफल कार्यान्वयन गर्ने गराउने ।

१२. **सार्वजनिक निजी साझेदारी समन्वय समिति (सानिसा)ः** (१) दुहवी नगरपालिकामा सार्वजनिक निजी साझेदारी मार्फत निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको सार्वजनिक निजी साझेदारी समन्वय (सानिसा) समितिको व्यवस्था रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक निजी साझेदारी समन्वय समिति (सानिसा) को गठन देहाय बमोजिम हुनेछ ।

क. नगरपालिकाको प्रमुख - संयोजक

ख. नगरपालिकाको उपप्रमुख - सह संयोजक

ग. कार्यपालिकाबाट गठन भएका विषयगत समितिका संयोजकहरु - सदस्य

घ. कार्यपालिकाका सदस्यहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना महिला - सदस्य

ङ. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

च. कार्यपालिकाले तोकेको पूर्वाधार विकास वा सार्वजनिक निजी साझेदारी सम्बन्धिको विज्ञ १ जना - सदस्य

छ. शहरी पूर्वाधार विकास शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि च. बमोजिमको सदस्यको हकमा कुनै एक निश्चित योजनाका लागि सम्बन्धित वषयको विज्ञको आवश्यकता पर्ने भएमा सम्बन्धित विषयको विज्ञलाई निश्चित समयको लागि मनोनित गर्न सकिनेछ ।

(४) यस समितिले सार्वजनिक निजी साझेदारीका नीतिगत, प्रक्रियागत साथै कार्यान्वयनका सिलसिलामा आइपर्ने वा परेका प्राविधिक समस्याको समाधानका लगि सम्बन्धित विषयमा आवश्यक राय परामर्श वा विषय विज्ञताको आवश्यकता महसुस गरेमा सम्बन्धित विषयमा छलफल तथा परामर्शका लागि स्थानीय, राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरका विषय विज्ञलाई

बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरेर वा अन्य बैकल्पिक उपायहरु अवलम्बन गरी राय सुझाव समेत लिन सक्नेछ ।

(५) सार्वजनिक निजी साझेदारी समन्वय समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ।

क. योजनाहरुको पहिचान र छनौटका लागि सार्वजनिक निजी साझेदारी इकाईलाई आवश्यक मार्गदर्शन दिने ।

ख. सार्वजनिक निजी साझेदारी इकाईबाट पहिचान तथा छनौट भई आएका योजनाहरु थप अध्ययन गर्नु पर्ने देखिएमा सो समेत गरी साथै लेखाजोखा कार्यदलबाट लेखाजोखा समेत गराई स्वीकृतिका लागि कार्यपालिकामा पेस गर्ने गराउने

ग. कार्यपालिकाबाट स्वीकृत भएका योजनाहरुको खरिद प्रक्रिया तयारी गर्ने गराउने ।

घ. सार्वजनिक निजी साझेदारी मार्फत सञ्चालन गर्ने योजनाको सम्झौताका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्ने गराउने ।

ङ. सम्झौता भएका योजनाहरुको कार्यान्वयनका लागि अनुमति पत्र प्रदान गर्ने गराउने ।

च. सार्वजनिक निजी साझेदारीमा सञ्चालनमा रहेका योजनाहरुको अनुगमन तथा सुपरिवेक्षणका लागि यसै ऐनको दफा १३ बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समितिसँग समन्वय गर्ने गराउने ।

छ. आफ्नो कार्य जिम्मेवारीलाई प्रभावकारी सञ्चालन व्यवस्थापन गर्न आवश्यकताका आधारमा छोटो अवधिका लागि उपसमिति वा कार्यदल गठन गरी तीनको काम, कर्तव्य र जिम्मेवारी तोक्ने ।

ज. यसै ऐनमा सार्वजनिक निजी साझेदारी समन्वय समितिले गर्ने भनी तोकिए बमोजिमका सम्पूर्ण कार्य गर्ने गराउने ।

झ. नगर सभा तथा कार्यपालिका बाट तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

(६) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने योजनाको कार्यान्वयनका लागि सम्बन्धित विषय क्षेत्रको विज्ञ व्यक्तिको आवश्यकता पर्ने देखिएमा आवश्यक प्रक्रिया पुरा गरी उक्त परियोजना अवधिभरका लागि वा निश्चित अवधिका लागि सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरेको अवधि भरका लागि नियमानुसार काररमा नियुक्त गरी काममा लगाउन सकिनेछ ।

१३. **अनुगमन तथा सुपरिवेक्षण समितिः** (१) यस समितिको गठन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को (४) को ख को (५) मा भएको व्यवस्था बमोजिम उपप्रमुखको संयोजकत्वमा गठन भएको अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका समितिहरुको काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (१) बमोजिम कार्यपालिकाले स्वीकृत गरेको नियमावलीमा भएको व्यवस्था बमोजिम वा सो नभएको अवस्थामा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(३) कुनै पनि योजनाको अनुगमन तथा सुपरिवेक्षण उपदफा (१) र (२) मा भएको व्यवस्था बमोजिम गराउँदा कहि कतै समस्या वा विवाद उत्पन्न भएमा वा परियोजनाको लागत र प्रकृतिका आधारमा थप विज्ञ सहितको बाह्य परामर्शदाताबाट गराउन समेत उपयुक्त रहेको देखिएमा अनुगमन तथा सुपरिवेक्षण समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गरी गराई दोस्रो पक्ष बाट समेत अनुगमन तथा सुपरिवेक्षण गर्न गराउन सकिनेछ ।

(४) अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी थप वा अन्य कार्य नगर सभा, कार्यपालिकाले गरेका निर्णय तथा निर्देशन वा यसै ऐन बमोजिम बनेको कार्यविधि वा निर्देशिकामा भएको व्यवस्था बमोजिम हुनेछ ।

१४. **सार्वजनिक निजी साझेदारी इकाईः** (१) सार्वजनिक निजी साझेदारी समन्वय समितिको (सानिसा) प्रमुख प्रशासकीय अङ्गको रुपमा सार्वजनिक निजी साझेदारी इकाईको व्यवस्था रहनेछ ।

(२) उपदफा (२) बमोजिमको इकाईको गठन देहाय बमोजिम हुनेछ ।

क. शहरी पूर्वाधार विकास शाखा प्रमुख - संयोजक

ख. नगर कार्यपालिकाका सम्पूर्ण शाखाका शाखा प्रमुखहरु -सदस्य

ग. सार्वजनिक निजी तथा सामुदायिक साझेदारी तथा यातायात व्यवस्था इकाई प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी -सदस्य सचिव

घ. कुनै विषयगत क्षेत्रका सम्बन्धित विषयमा आवश्यक राय परामर्शका लागि सम्बन्धित विषयगत शाखा अन्तर्गतका उपशाखा/केन्द्र/इकाईका प्रमुखहरुलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) सार्वजनिक निजी साझेदारी इकाईको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क. नगरपालिकाको नीति बमोजिम आवधिक, मध्यमकालीन तथा वार्षिक योजना साथै योजना बैङ्कमा समावेश भएका वा अन्य सम्भावित योजनाहरुको पहिचान गरी पहिचान भएका योजनाहरु मध्ये सार्वजनिक निजी साझेदारीमा निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न सकिने योजनाहरु सम्बन्धित विषयगत शाखा/उपशाखा/केन्द्र/इकाईहरु साथै सार्वजनिक सूचना मार्फत बाट समेत माग गर्ने ।

ख. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन तथा सञ्चालन व्यवस्थापन गर्न सकिने योजनाहरुको पहिचान, प्रारम्भिक छनौट, प्रास्तावको अध्ययन तथा छनौट, अनुमति पत्र, हक हस्तान्तरण र बरबुझारथ सम्बन्धी कार्यहरु सार्वजनिक निजी साझेदारी समन्वय समितिको निर्देशन बमोजिम गर्ने ।

ग. सम्बन्धित योजनाहरु सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्नुपर्ने आधार र कारणको थप मूल्याङ्कन गर्ने गराउने ।

घ. योजनाको सम्भाव्यता अध्ययन तथा परियोजना प्रस्ताव तयार गर्ने गराउने ।

ङ. प्रारम्भिक रुपमा पहिचान तथा छनौट भएका योजनाहरुको सूची लेखाजोखा कार्यदल समक्ष पेस गर्ने ।

च. लेखाजोखा कार्यदलबाट आवश्यक लेखाजोखा गरी प्राप्त हुन आएका योजनाहरुमा सुझाव सहित प्राप्त भएको हकमा सोही बमोजिम आवश्यक संशोधन गरी तथा सुझाव रहित प्राप्त भएका भए आवश्यकताका आधारमा परिमार्जन गरी वा नगरी सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष पेस गर्ने ।

छ. यस ऐनमा उल्लेख भएका बाहेकका सार्वजनिक निजी साझेदारी समन्वय समितिबाट कार्यान्वयनका लागि प्राप्त भएका योजनाहरुको लागि खरिद प्रक्रिया सम्बन्धी कार्यविधि वा निर्देशिकामा उल्लेख भए बमोजिमका प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पन्न गर्ने गराउने ।

**१५. लेखाजोखा कार्यदलः** (१) सार्वजनिक निजी साझेदारी समन्वय समिति (सानिसा) अन्तर्गत लेखाजोखा कार्यदलको व्यवस्था रहनेछः

(२) लेखाजोखा कार्यदलको गठन देहाय बमोजिम हुनेछः

क. प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख. आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

ग. आर्थिक विकास शाखा प्रमुख -सदस्य

घ. सामान्य प्रशासन शाखा प्रमुख -सदस्य

ङ. शहरी पूर्वाधार विकास शाखा प्रमुख -सदस्य सचिव

च. आवश्यकताका आधारमा पूर्वाधार विकास वा सार्वजनिक निजी साझेदारी विज्ञ लाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) लेखाजोखा कार्यदलको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क. सार्वजनिक निजी साझेदारी इकाईबाट सम्भाव्यता अध्ययनका साथ परियोजना प्रस्ताव तयारीको कार्य सम्पन्न भई कार्यदलमा लेखाजोखाका लागि प्राप्त हुन आएका योजनाको विस्तृत अध्ययन गरी सम्बन्धित योजनाको लागत, कार्यान्वयन पछि प्राप्त हुने प्रतिफल साथै यसले स्थानीयबासिको आर्थिक तथा सामाजिक

जीवनमा पार्ने प्रभावका विषयमा अध्ययन तथा मूल्याङ्कन गरी कार्यान्वयनमा लैजान उपयुक्त रहे नरहेको लेखाजोखा गर्ने ।

ख. सम्भाव्तया अध्ययन भई कार्यान्वयनमा लैजान उपयुक्त देखिएका योजना कार्यान्वयनमा लैजादा विध्यमान प्रचलित कानूनी र व्यवहारिक पक्ष समेतका आधारमा आईपर्नसक्ने जोखिम साथै यसरी आईपर्न सक्ने जोखिम व्यवस्थापनमा अपनाउनु पर्ने सम्भावित उपायहरुका बारेमा थप लेखाजोखा गर्ने ।

ग. सम्बन्धित योजनाको कार्यान्वयनबाट नगरपालिकालाई दिगो रुपमा प्राप्त हुने लाभ र आर्थिक दायित्वका बारेमा अध्ययन गरी सार्वजनिक निजी साझेदारी इकाई मार्फत सार्वजनिक निजी साझेदारी समन्वय समितिमा आफ्नो राय पेस गर्ने ।

घ. कार्यदल मार्फत लेखाजोखा गरिएका योजनाहरुको लेखाजोखा प्रतिवेदन साथै प्राप्त विवरणहरुको अभिलेख दुरुष्त राख्ने तथा राख्ने व्यवस्था मिलाउने ।

ङ. कार्यदलले लेखाजोखा गरेको सम्बन्धित योजनाका विषयमा सार्वजनिक निजी साझेदारी इकाई वा सार्वजनिक निजी साझेदारी समन्वय समिति वा कार्यपालिकाले थप केहि बुझ्न चाहेमा उक्त विषयको लेखाजोखाबाट प्राप्त विवरणका बारेमा सम्बन्धित समिति तथा कार्यपालिकाको बैठकमा उपस्थित भएर वा लिखित पत्र प्राप्त भएको अवस्थामा लिखित जवाफ मार्फत थप प्रस्ट पार्ने ।

च. सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा वा अन्य कुनै पनि प्रकारले कार्यपालिकाले कानून सम्मत लिखित वा मौखिक रुपमा दिएको निर्देशनको पालना गर्ने ।

## परिच्छेद ४ (चार)
## योजनाको खरिद प्रक्रिया सम्बन्धी व्यवस्था

**१६. खरिद प्रक्रियाका चरणहरुः** (१) यस ऐन बमोजिम पहिचान, छनौट तथा स्वीकृत भएका योजनाहरुको खरिद प्रक्रिया सामान्यत देहाय बमोजिम हुनेछ ।

१. योग्यता निर्धारणका लागि आशय-पत्र माग गर्ने ।

२. योग्यतामा छनौट भएका आशय-पत्रको संक्षिप्त सूची तयार गर्ने ।

३. योग्यता पुगेका प्रस्तावकहरुबाट सार्वजनिक सूचना मार्फत सम्बन्धित योजनाको प्रस्ताव माग गर्ने वा सोझै प्राप्त गर्ने ।

४. पेस भएका योजना प्रस्तावहरुको मूल्याङ्कन गरी उपयुक्त वा योग्य प्रस्ताव छनौट गर्ने ।

५. प्रस्ताव स्वीकृत गर्ने ।

६. स्वीकृत भएका प्रस्तावकसँग सम्झौता गर्ने ।

७. सम्झौता भएका योजनाहरु कार्यान्वयन गर्ने गराउने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ५० लाख वा सो भन्दा कम लागत अनुमान भएका योजनाहरुको कार्यान्वनयका लागि योग्यता सम्बन्धी दरखास्त तथा लगानी प्रस्तावसँग सम्बन्धित विवरणहरु ईच्छुक लगानीकर्तासँग एकै पटक माग गर्न सकिनेछ वा यसै ऐनमा भएको व्यवस्था बमोजिम सोझै पेस गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रस्तावकले योग्यता सम्बन्धी र लगानी प्रस्ताव सम्बन्धी विवरण अलग अलग खाममा सिलबन्दी गरी पुन एउटै खाममा राखी सिलबन्दी गरी पेस गर्ने गरी माग गर्न सकिनेछ ।

**१७. खुला रुपमा आसय-पत्र माग गर्नेः** (१) सार्वजनिक निजी साझेदारी अन्तर्गत कार्यान्वयन गरिने योजनाहरुको कार्यान्वयनका लागि आशय-पत्रका साथ पेस गर्नु पर्ने विवरणहरु समावेश गरी ईच्छुक निजी क्षेत्र समेतका व्यक्ति/संस्था/निकाय/समुदायसँग राष्ट्रिय स्तरको पत्रीकामा १५

दिनको सार्वजनिक सूचान दिई आवश्यक विवरणहरु समेत समावेश गरी आसय-पत्र पेस गर्न माग अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस गरिने आसय-पत्रमा न्यूनतम रुपमा देहाय बमोजिम साथै तोकिए बमोजिमका विवरणहरु समावेश गर्नु पर्नेछ ।

१. नगरपालिकाको नाम र ठेगानाः
२. प्रस्तावित योजनाको संक्षिप्त विवरणः
३. प्रस्तावित योजनाको खर्च व्यहोर्ने स्रोतः
४. आशय-पत्र पेस गर्नेको योग्यताः
५. आशय-पत्र दाता फर्म वा कम्पनी वा निकाय भएमा सोको सङ्गठनात्मक संरचना तथा विवरणः
६. संयुक्त उपक्रमको रुपमा योजना कार्यान्वयन गर्ने भए संयुक्त उपक्रममा सहभागि हुनेहरुको नाम, ठेगाना, विवरण साथै उक्त उपक्रममा मूख्य भूमिका निर्वाहा गर्नेको नामः
७. बिगत ५ बर्षमा कार्यान्वयन गरेका वा सम्पन गरेका वा सञ्चालन व्यवस्थापन गरेका समान प्रकृतिका  काम र स्थान सहितको अनुभवको विवरणः
८. बैक्तिगत परामर्शको हकमा विगत ३ बर्षमा सम्पन्न गरेका समान प्रकृतिका कामको विवरण र स्थानः
९. प्रस्तावित योजना कार्यान्वयनमा समावेश हुने प्रमुख जनशक्तिको विवरणः
१०. प्रस्तावित योजना सम्पन्न गर्न लाग्ने अनुमानित समयः
११. आशय-पत्रदाताका बैक्तिगत विवरण सहितका कागजातहरुः
१२. तोकिए बमोजिमका अन्य विवरणहरुः
१३. आशय-पत्र पेस गर्ने अन्तिम मिति र समयः

(३) उपदफा (१) र (२) बमोजिम माग गरिएका प्रस्तावहरु तोकिएको समय सीमा भित्र योग्यता मूल्याङ्कन गरी छनौट भएका आशय-पत्र दाताहरुको सूची प्रकाशन गर्नु पर्नेछ ।

(४) आसय-पत्र माग गर्ने, बुझ्ने, मूल्याङ्कन गर्ने तथा स्वीकृतिका लागि सिफारिस गर्ने तथा सूचीकरण गर्ने सम्बन्धीका सम्पूर्ण कार्य सार्वजनिक निजी साझेदारी इकाईले वा तोकिए बमोजिमको शाखाले गर्नेछ ।

**१८. प्रस्ताव माग गर्नेः** (१) सार्वजनिक निजी साझेदारी अन्तर्गत कार्यान्वयन गरिने योजनको कार्यान्वयनका लागि दफा १७ को (४) बमोजिम विषयगत रुपमा सूचीकृत भएका आशय-पत्र दाताहरु मध्येबाट प्रस्ताव पेस गर्न पाउने गरी न्यूनतम ३० दिनको सार्वजनिक सूचना मार्फत प्रस्ताव पेस गर्न ईच्छुक व्यक्ति/संस्था/निकाय/समुदायलाई सार्वजनिक रुपमा माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव माग गर्दा देहाय बमोजिम साथै तोकिए बमोजिमका न्यूनतम विवरणहरु खुलाउन अनिवार्य रहनेछ ।

१. नगरपालिकाको नाम र ठेगान
२. खरिद गर्नु पर्ने सेवाको प्रकृति, कार्यक्षेत्रगत शर्तहरु, सम्पन्न गर्नु पर्ने कार्य र परिमाण
३. प्रस्तावदाताले प्रस्ताव पेस गर्दा अपनाउनु पर्ने आवश्यक शर्तहरु तथा विवरणहरु
४. प्राविधिक तथा आर्थिक प्रस्ताव पेस गर्दा अपनाउनु पर्ने विधि
५. प्राविधिक र आर्थिक मूल्याङ्कन भार
६. छनौट विधि र प्रकृया
७. खरिद सम्झौताका शर्तहरु
८. प्रस्ताव पेस गर्नुपर्ने मिति, स्थान र समय
९. तोकिए बमोजिमका अन्य कुराहरु

(३) उपदफा (१) र (२) बमोजिम प्रस्ताव पेस गर्न चाहाने निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायले तोकिए बमोजिमका विवरणहरु समावेश गरी तथा खुलाई सूचनामा उल्लेख भएको समया सीमा भित्र तोकिए बमोजिमको समित/इकाई/शाखामा प्रस्ताव पेस गर्नु पर्नेछ ।

(४) तोकिए बमोजिमको समया सीमा भित्र प्राप्त भएका प्रस्तावहरु मात्र दर्ता गर्नु पर्नेछ ।

(५) योजनाको प्रस्ताव माग गर्ने, पेस भएका प्रस्ताव बुझ्ने साथै प्रस्तावहरुको मूल्याङ्कन गर्ने गराउने समेतका कार्य तोकिए बमोजिम हुनेछन् ।

१९. **सोझै प्रस्ताव पेस गर्न सक्नेः** (१) दफा १७ र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि दुहवी नगरपालिकामा स्थायी बसोवास गर्ने व्यवसायिक व्यक्ति/संस्था/निकाय/समुदाय वा समूहहरुले एकल वा संयुक्त रुपमा पूर्वाधार संरचना निर्माण विकास तथा सेवा प्रवाहका क्षेत्रमा सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्ने गरी सूचीकृत भएका योजनाहरुको कार्यान्वयनका लागि न्यूनतम ३० वा सो भन्दा बढी प्रतिशतको लागत सहभागिता गर्ने गरी तोकिएको अधिकारी/समिति/इकाई वा शाखा समक्ष निवेदन सहित प्रस्ताव पेस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्ने व्यक्ति/संस्था/निकाय/ समुदाय वा समूहहरुले प्रस्तावका साथ लगानी सुनिश्चितताका लागि यसै ऐनको दफा ९ को (१) बमोजिमका आधारहरु पुष्टयाई हुने बलियो आधारहरु सहित प्रस्ताव पेस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव बमोजिमको योजनाको कार्यान्वयनका लागि अन्य कुनै बाह्य वा आन्तरिक निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदाय वा समूहहरुले प्रस्ताव पेस गरेको हकमा जुन व्यक्ति/संस्था/निकाय/समुदाय वा समूहहरुको लगानी साझेदारी बढी छ सोही व्यक्ति/संस्था/निकाय/समुदाय वा समूह सँग प्राविधिक तथा अर्थिक मूल्याङ्कनका आधारमा सम्झौता गरी कार्यान्वयनमा लैजना बाधा पुगेको मानिने छैन ।

२०. **प्रस्तावको मूल्याङ्कन गर्नेः** (१) दफा १८ र १९ बमोजिम प्राप्त प्रस्तावहरुको मूल्याङ्कन तोकिएको विधि र प्रक्रिया बमोजिम सार्वजनिक निजी साझेदारी इकाईले गर्नेछ वा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव मूल्याङ्कन गर्ने कार्य प्रास्ताव पेस गर्ने अन्तिम मितिले ३० दिन भित्र सम्पन्न गर्नु पर्नेछ ।

(३) प्रस्ताव मूल्याङ्कनका आधारहरु देहाय बमोजिमका अतिरिक्त तोकिए बमोजिम हुनेछन् ।

क. प्रस्तावकको प्राविधिक क्षमता ।

ख. प्रस्तावकको आर्थिक हैसियत, लागत साझेदारीको ढाँचा तथा लागत साझेदारी गरिने रकमको हिस्सा ।

ग. प्रस्तावकले सम्बन्धित योजना मार्फत उपभोक्तालाई उपलब्ध गराउन सक्ने सेवाको प्रकार र स्तर ।

घ. प्रस्तावकले प्रस्तावित योजना कार्यान्वयनका लागि प्रयोगमा ल्याउने नविनतम वा उन्नत प्रविधिको प्रयोगको सम्भावना र त्यसको प्रकार ।

ङ. प्रस्तावकले उपभोक्तालाई उपलब्ध गराउने सेवाका प्रकार अनुसार उपभोक्तासँग लिने प्रस्तावित सेवा शुल्कको दर रेट ।

च. तोकिए बमोजिमका अन्य विवरणहरु ।

(४) उपदफा (३) बमोजिम मूल्याङ्कनको कार्य सम्पन्न गरी उक्त मूल्याङ्कन प्रतिवेदन सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष पेस गर्नु पर्नेछ ।

**२१. प्रस्ताव छनौट तथा स्वीकृत गर्ने:** (१) दफा २० को उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा सार्वजनिक निजी साझेदारी समन्वय समितिले आफूलाई प्राप्त भएको मितिले बढिमा ३० दिन भित्र छनौट सम्बन्धीको कार्य सम्पन्न गरी स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा पेस गर्नु पर्नेछ । तर कुनै प्राविधिक वा आफ्नो काबु बाहिरको कारण वा परिस्थिति सिर्जना भएमा कारण समेत उल्लेख गरी छनौट गर्ने कार्य केही समयका लागि बढाउन सकिनेछ ।

**(२)** उपदफा (१) बमोजिम छनौट भई स्वीकृतिका लागि पेस हुन आएका प्रस्तावहरु कार्यपालिकाले स्वीकृत गर्न सक्नेछ ।

(३) उपदफा (३) बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिले बढिमा ७ दिन भित्र छिटो माध्यमबाट सम्बन्धित प्रस्तावकलाई सार्वजनिक निजी साझेदारी इकाईले सूचना दिनु पर्नेछ ।

**२२. वार्ता मार्फत योजना कार्यान्वयन गर्न सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा वा प्रावधान लेखिएको भए तापनि केही विशेष आधार सिर्जना हुन गएमा लगानीकर्ता/साझेदारसँग सोझै वार्ता गरी योजना कार्यान्वयन गर्न कुनै बाधा पुगेको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम सोझै वार्ता मार्फत कार्यान्वयन गर्न सकिने योजनाहरुको अवस्था देहाय बमोजिम कुनै एक वा एक भन्दा बढी रहेको हुनु पर्नेछ ।

क. सार्वजनिक सूचना मार्फत क्रमस २ पटक सम्म प्रस्ताव माग गर्दा समेत पर्याप्त मात्रामा प्रस्ताव पेस हुन नआएमा वा कुनै पनि प्रस्ताव पेस हुन नआएमा ।

ख. पेस भएका प्रस्तावहरु मूल्याङ्कन गर्दा उपयुक्त नभएका कारण छनौट हुन नसकेमा ।

ग. योजनाको प्रकृति वा लागतको कारण प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएमा ।

घ. नयाँ वा नविन प्रविधि वा अवधारणाका योजना भएमा ।

ङ. यस ऐनको दफा १९ बमोजिम स्थानीय व्यक्ति वा समूहबाट यसै ऐनमा भएको व्यवस्थाका आधारमा न्यूनतम ३० प्रतिशत वा सो भन्दा बढी लागत साझेदारी गर्ने सुनिश्चित आधार सहितको प्रस्ताव पेस गरेमा ।

च. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को (८) मा भएको व्यवस्था बमोजिम संघीय तथा प्रदेश सरकार वा तीनका निकाय वा कार्यालयबाट सार्वजनिक निजी साझेदारी मार्फत सोझै कार्यान्वयनको प्रस्ताव पेस हुन आएमा ।

(३) उपदफा (२) बमोजिमको अवस्था रहेका योजनाहरु कार्यपालिकाको सहमति र मूल्याङ्कनका आधारमा सम्बन्धित पक्षसँग सार्वजनिक निजी साझैदारी समन्वय समितिले सोझै वार्ता गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सोझै कार्यान्वयनमा ल्याउनु भन्दा अघि लेखाजोखा कार्यदलले आवश्यक लेखाजोखा गरी उक्त योजनाको वास्तविक अवस्था प्राप्त भए पछि दफा २० बमोजिमको आवश्यक मूल्याङ्कन र स्वीकृति सम्बन्धी प्रक्रिया पुरा गर्न भने अनिवार्य रहनेछ ।

२३. **प्रारम्भिक सम्झौता गर्न सक्ने** (१) दफा २१ र २२ बमोजिम छनौट भई स्वीकृत भएका योजनाको कार्यान्वयनका लागि सम्बन्धित योजनाको कार्यान्वयन कर्ता/पक्षले पूर्व तयारीका कार्य गर्नु पर्ने भएमा निजको निवेदन माग बमोजिम बढीमा ९० दिनको समयसीमा तोकी सार्वजनिक निजी साझेदारी समन्वय समितिले प्रारम्भिक सम्झौताका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयनका लागि प्रारम्भिक सम्झौता गर्नु पर्ने योजनाको कुल लागत २ करोड वा सो भन्दा माथि हुनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि २ करोड भन्दा कम लागतका योजनालाई समेत कार्यान्वयनमा ल्याउन प्राविधिक तयारी स्वरुप केही समय लाग्ने देखिएमा सम्बन्धित प्रस्तावकको माग बमोजिम सार्वजनिक निजी साझेदारी इकाईको सिफारिसमा सार्वजनिक निजी साझैदारी समन्वय समितिले बढीमा ३० देखि ६० दिन सम्म वा योजनाको प्रकृति हेरी तोकिएको समयसीमा निर्धारण गरी प्रारम्भिक सम्झौताका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्न बाधा पुगेको मानिने छैन ।

२४. **कार्यान्वयन सम्झौता गर्नेः** (१) यसै ऐनको दफा २३ बमोजिम प्रारम्भिक सम्झौता भएका वा प्रारम्भिक सम्झौता गर्नु नपर्ने स्वीकृत योजनाहरुलाई पूर्ण रुपले कार्यान्वयनमा लैजान सार्वजनिक निजी साझेदारी समन्वय समितिले प्रक्रियागत रुपले तोकिए बमोजिमका आवश्यक विवरण समेत सम्लग्न गरी कार्यान्वयन सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सम्झौताका लागि पेस भएको योजनाका बारेमा आवश्यकता महशुस भएको खण्डमा

थप अध्ययन गरी वा नगरी सार्वजनिक निजी साझेदारी समन्वय समितिबाट पेस हुन आएको मितिले बढीमा १५ दिन भित्र सम्बन्धित प्रस्तावकसँग करार सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कार्यान्वयन सम्झौताका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु भन्दा अघि सम्बन्धित योजनाको कार्यान्वयनको पूर्व तयारी स्वरुप प्रारम्भिक संम्झौता गरिएका वा भएका योजनाहरुको हकमा तोकिएको समय सीमा भित्र सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायले प्रारम्भिक सम्झौता बमोजिमका कार्यहरु पुरा भएको विवरण सहित सार्वजनिक निजी साझेदारी इकाईलाई लिखित जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्बन्धित प्रारम्भिक अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायले पेस गरेका विवरणहरु जाँच गरी सञ्चालन अनुमति दिन योग्य रहे नरहेको प्रतिवेदन सहितको राय सार्वनजिक निजी साझेदारी इकाईले सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष पेस गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम प्रारम्भिक अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायले निर्धारित समय सीमाभित्र पूर्व तयारीका कार्य सम्पन्न गर्न नसकी केही थप समय लाग्ने भएमा कारण सहित सार्वजनिक निजी साझेदारी इकाई समक्ष लिखित निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम माग भई आएको निवेदन उपर छानविन गरी सार्वजनिक निजी साझेदारी समन्वय समितिका संयोजकको सहमतिमा सार्वजनिक निजी साझेदारी इकाईले एकै पटक वा पटक पटक गरी बढीमा जम्मा ३० दिनको म्याद थप गर्न सक्नेछ तर अधिकतम ६० दिन सम्मको मात्र पूर्वतयारीको अवधि प्राप्त गर्नेको हकमा यो समय १५ दिन भन्दा बढी हुनेछैन ।

(७) पूर्व तयारीका लागि प्रारम्भिक सम्झौता नगरिएका तथा गर्नु नपर्ने स्वीकृत योजनाहरुको हकमा सार्वजनिक निजी साझेदारी इकाई बाट प्राप्त भएका वा पेस भएका योजनाहरु सार्वजनिक निजी साझेदारी समन्वय

समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित प्रस्तावकसँग करार सम्झौता गरी कार्यान्वनका लागि सम्बन्धित समिति/इकाईमा पठाउन सक्नेछ ।

(८) सम्झौता सम्बन्धी अन्य कार्य तोकिए बमोजिम हुनेछ ।

२५. **कार्यान्वयन सम्झौतामा खुलाउनु पर्ने कुराहरुः** (१) कुनै पनि योजनाको करार सम्झौता गर्दा सम्बन्धित सम्झौतामा देहाय बमोजिमका न्यूनतम कुराहरु साथै तोकिए बमोजिमका अन्य कुराहरु वा विवरणहरु समेत खुलाउनु पर्नेछ ।

क. योजनाको नाम

ख. योजनाको प्रकृति सहितको विवरण ।

ग. योजना कार्यान्वयन हुने सुरु हुने र सम्पन्न हुने मिति ।

घ. योजनाको कुल लागत, लगानी साझेदारी तथा त्यस्तो लगानी वापत प्रप्त गर्ने शेयर

ङ. जमानत वापतको रकम ।

च. अनुमति प्राप्त व्यक्ति वा संस्थाले पाउने सुविधा तथा सहुलियत ।

छ. अनुमति पत्रको अवधि ।

ज. योजना कार्यान्वयनको चरणबद्ध तालिका ।

झ. योजनाको प्रविधिक गुणस्तर (Standard) ।

ञ. जोखिका पक्षहरु साथै उक्त जोखिमको बाँडफाँड र जोखिम व्यवस्थापन गर्ने विधि र प्रक्रिया साथै विमा सम्बन्धी व्यवस्था

ट. अनुगमन मूल्याङ्कनका बस्तुगत आधार र मापदण्ड ।

ठ. लिज/भाडामा सञ्चालन हुने योजनाको हकमा लीज/भाडाका शर्त बन्देजहरु ।

ड. योजना सञ्चालन र हस्तान्तरणका शर्त बन्देज

ढ. क्षतिपूर्ति तथा सम्झौता रद्द गर्न सक्ने सम्बन्धी व्यवस्था ।

ण. लगानी कर्तालाई कुनै विशेष संरक्षण वा सुरक्षा दिइने भए सो सम्बन्धी व्यवस्था ।

त. विवाद समाधान सम्बन्धी व्यवस्था ।

थ. सम्भाव्यता न्यून परिपूर्ति सम्बन्धी व्यवस्था ।

द. सूचना आदान प्रदान सम्बन्धी व्यवस्था ।

ध. उपभोक्ताले पाउने सेवा सुविधा साथै सेवा प्रदान गरे गराए वापत उपभोक्ता बाट लिने शुल्क सम्बन्धी व्यवस्था ।

न. सम्बन्धित योजनाको सञ्चालक तथा व्यवस्थापकले नगरपालिकालाई बुझाउनु पर्ने रोयल्टी, शुल्क, कर तथा राजश्व सम्बन्धी व्यवस्था ।

प. अग्रिम भुक्तानी वा कार्य सम्पादनमा आधारित भूक्तानी प्रणाली सम्बन्धी व्यवस्था ।

२६. **सम्झौता रद्द गर्न सक्नेः** (१) सम्बन्धित योजनाको प्रस्तावकले दफा २३ को (१) र (३) बमोजिम भएको प्रारम्भिक सम्झौता बमोजिम साथै दफा २४ को (६) बमोजिम प्राप्त समय सीमा भित्र समेत आवश्यक विवरण सहित पूर्वतयारीको कार्य पुरा नगरेमा, यस अवधिमा प्रस्तावकले गरेको प्रगति समीक्षा गर्दा सम्बन्धित योजना निजबाट कार्यान्वयन गर्न सम्भव वा उपयुक्त नदेखिएमा, कार्यान्वयन सम्झौता भएका योजनाहरु सम्बन्धित पक्षले तोकिएको समय सीमा भित्र कार्य प्रारम्भ नगरेमा वा गर्न नसक्ने देखिएमा, योजना कार्यान्वयन गर्दा सम्झौता विपरितका कार्य गरेको पाइएमा सार्वजनिक निजी साझेदारी इकाईले अध्ययन गरी आवश्यक राय सहित सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष सम्बन्धित प्रस्ताव रद्द गर्न सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारी इकाईले गरेको सिफारिसका विषयमा आवश्यक अध्ययन गरी आफ्नो राय सहित उक्त प्रस्ताव रद्द गर्न सार्वजनिक निजी साझेदारी समन्वय समितिले सिफारिस गरेमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित प्रस्ताव रद्द गर्न सक्नेछ तथा यसरी रद्द भएको सम्झौताको विषयमा प्रमुख प्रशासकीय अधिकृतले आगामी कार्यपालिकाको बैठकमा कारण सहित जानकारी गराई अनुमोदन गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अवस्था अध्ययन सम्बन्धी कार्यका लागि सम्बन्धित विषयको विषय विज्ञ साथै अनुगमन तथा सुपरिवेक्षण समितिको समेत सहयोग लिन सकिनेछ ।

२७. **कार्यसम्पादन जमानतः** (१) कुनै पनि योजनाको कार्यान्वयन सम्झौत गर्नु अघि वा सम्झौताका बखत प्रस्तावकले जमानत वापत सम्बन्धित योजनाको कुल लागतको शून्य दशमलव पाँच (०.५) प्रतिशत भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम नगरपालिकालले तोकेको कोषमा जम्मा गरी सोको सक्कलै भौचर वा तोकिएको अवधि सम्मका लागि उक्त रकम वरावर नेपाल राष्ट्र बैङ्क बाट मान्यता प्राप्त “क” बर्गको बैङ्कबाट बैङ्क ग्यारेण्टी दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्बन्धित प्रस्तावकले सम्पन्न नगरे सम्म कार्यान्वयन सम्झौता गर्न सकिने छैन ।

(३) उपदफा (१) बमोजिमको कार्य सम्पन्न गर्न सम्बन्धित पक्षबाट थप समय माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतको सहमतिमा सार्वजनिक निजी साझेदारी समन्वय समितिले बढीमा ७ दिनको समय दिन सक्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिमको कार्य पुरा गर्न नसकेका कारण सम्बन्धित योजनाको कार्यान्वयन सम्झौता हुन नसकेमा कार्यान्वयन सम्झौता नगरिदिएको भनी सम्बन्धित प्रस्तावकले कही कतै उजुर बाजुर गर्न वा क्षतिपूर्ति माग गर्न पाउनेछैन । यदी गरेको पाइएमा यसै व्यवस्था बमोजिम उक्त उजुरी तथा क्षतिपूर्ति माग दावी स्वतः बदरभागि हुनेछ ।

## परिच्छेद ५ (पाँच)
## अनुमति पत्र, रोयल्टी, योजनाको हस्तान्तरण र स्वामित्व सम्बन्धी व्यवस्था

२८. **अनुमति पत्र प्रदान तथा अनुमति पत्रको समयावधिः** (१) सम्बन्धित प्रस्तावकसँग सम्बन्धित योजनाको कार्यान्वयन सम्झौता भएपछि सम्झौतामा उल्लेख भए बमोजिमको समय सम्मका लागि सम्बन्धित

प्रस्तावकलाई योजना कार्यान्वयनका लागि अनुमति पत्र प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित प्रस्तावकलाई दिइने अनुमति पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको अनुमति पत्रको अवधि तोकिए बमोजिम हुने गरी बढीमा ४० बर्षको सम्मको हुन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति सिर्जना भएको अवस्थामा सम्बन्धित अनुमति प्राप्त व्यक्ति/संस्था/निकाय/समुदायको माग बमोजिम वा दुवै पक्षको सहमतिमा कारण समेत उल्लेख गरी कार्यपालिकाको स्वीकृतिमा तोकिए बमोजिम हुने गरी समयावधि बढीमा १० बर्ष सम्मका लागि थप गर्न सकिनेछ । समयावधि थप गर्ने कार्य कार्यपालिकाका लागि बाध्यकारी भने हुनेछैन ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि योजनाको प्रकृति, लागत, साझेदारीको मात्रा र सम्बन्धित योजनाले नगरपालिकाको आर्थिक, सामाजिक, वातावरणीय तथा संस्थागत विकासका क्षेत्रमा पुर्याउने योगदान समेतका आधारमा विश्लेषण गरी ४० बर्ष भन्दा बढी नहुने गरी कार्यान्वयन गर्ने समय सिमा योजना अनुसार कार्यपालिकाले फरक फरक तोक्न सक्नेछ ।

(६) उपदफा (४) बमोजिम सम्बन्धित योजना कार्यान्वयनको अवधि थप गर्न मिल्ने नमिल्ने तथा गर्न सकिने नसकिने विषयमा लेखाजोखा कार्यदल समेतको सहयोगमा सार्वजनिक निजी साझेदारी समन्वय समितिले गरेको निर्णय प्रस्तावका आधारमा मात्र हुनेछ ।

(७) उपदफा (१) बमोजिम अनुमति प्राप्त गरेको व्यक्ति/संस्था/निकाय/ समुदाय बाहेकलाई सम्बन्धित योजनालाई प्रतिकुल असर पर्ने वा पार्ने गरी अन्य कुनै व्यक्ति/संस्था/निकाय/समुदायलाई अनुमति पत्र प्रदान गर्न पाइनेछैन ।

(८) योजनाको कार्यान्वयन गर्न अनुमति प्राप्त गर्ने व्यक्ति/संस्था/निकाय/ समुदायले सम्झौता बमोजिम योजना कार्यान्वयन नगरेमा तोकिए बमोजिमको व्यवस्थाका आधारमा उक्त्त अनुमति पत्र रद्द गर्न सकिनेछ ।

(९) उपदफा (८) बमोजिम अनुमति पत्र रद्द भईसकेपछि उक्त योजना कार्यान्वयन गर्न गरिएको सम्झौता समेतका सबै कार्य स्वतः रद्द भएको मानिनेछ ।

(१०) सम्बन्धित अनुमति पत्र प्राप्त व्यक्त्ति/संस्था/निकाय/समुदायले योजानको कार्यान्वयनमा स्वयंले गरेको गल्ति कमजोरीका कारण अनुमति पत्र तथा सम्झौता रद्द भएको कारणबाट सम्बन्धित पक्षले क्षतिपूर्तिको माग गर्न पाउनेछैन ।

२९. **रोयल्टी बुझाउनु पर्नेः** (१) सम्बन्धित योजनाको कार्यान्वयनका लागि अनुमति पत्र प्राप्त व्यक्त्ति/संस्था/निकाय/समुदायले योजना निर्माण वा सञ्चालन व्यवस्थापन गरे वापतको सम्झौतामा उल्लेख भए बमोजिमको रोयल्टी वापतको रकम नगरपालिकाको तोकिएको कोषमा तोकिएको समय सीमा भित्र दाखिला गर्नु पर्नेछ ।

(२) नगरपालिकालाई बुझाउनु पर्ने रोयल्टी वापतको रकम तोकिए बमोजिम नियमित नबुझाएमा नगरपालिकाले तोकिए बमोजिम सरकारी बाँकी सरह जुनसुकै समयमा असुल उपर गर्न सक्नेछ ।

३०. **योजना हस्तान्तरण तथा स्वामित्व** (१) योजना कार्यान्वयनको अनुमति प्राप्त व्यक्ति/संस्था/निकाय तथा समुदायले सम्झौतामा उल्लेख भएको समयसीमा भित्र तोकिए बमोजिमका प्रक्रिया पुरा गरी नगरपालिकालाई लिखित रुपमा उक्त्त योजनाको हक हस्तान्तरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकालाई हक हस्तान्तरण भईसकेपछि उक्त्त योजना स्थलमा रहेका नगरपालिकालाई हक हस्तारण गर्नु पर्ने भनी सम्झौतामा उल्लेख भए बमोजिमका जग्गा जमिन, पूर्वाधार संरचना, मेसिन तथा उपकरण, विद्युत तथा खानेपानी समेतका सम्पूर्ण पूर्वाधारहरुको हक स्वतःनगरपालिकाको हुनेछ ।

(३) सम्बन्धित योजना नगरपालिकालाई हक हस्तान्तरण गर्दाका अवस्थामा निर्माणको मात्र कार्य भएको भए निर्माण सम्पन्न भएको वा सञ्चालन व्यवस्थापन भएको भए सम्बन्धित योजनाको क्षमता र अवस्था समेत चालु हालतमा हुनु पर्नेछ ।

(४) सम्बन्धित योजना नगरपालिकाले आफ्नो स्वमित्वमा लिनु अघि अपनाउनु पर्ने प्रक्रिया तथा प्रावधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा तोकिए बमोजिम हुनेछन् ।

(५) योजना कार्यान्वयन गर्ने वा सञ्चालन व्यवस्थापन गर्ने पक्षले सम्झौतामा उल्लेख भएको व्यवस्था विपरितका कार्य गरी वा गराई योजना बिचैमा छाडेमा वा सम्झौता अवधि नपुग्दै योजना छाडेमा वा अलपत्र पारेमा यसका कारण नगरपालिकालाई पुग्न गएको क्षति वा नोक्सानिको हिसाव किताव गरी तोकिए बमोजिमको प्रावधानका आधारमा सम्बन्धित योजनाको कार्यान्वयन कर्ता सञ्चालक पक्षबाट क्षतिपूर्ति तथा नोक्सानी असुल उपर गरिनेछ ।

(६) योजना कार्यान्वयनको अनुमति प्राप्त व्यक्ति/संस्था/निकाय/ समुदायले योजना निर्माण गरी नगरपालिकालाई हस्तान्तरण गर्ने गरी वा योजनामा गरेको लगानीको प्रतिफल पाउने गरी सम्झौता गरिएको भए उक्त सम्झौताको आधारमा सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा कार्यपालिकाको स्वीकृति लिई एकमुष्ठ रुपमा वा किस्तावन्दीमा त्यस्तो प्रतिफल बापतको रकम भुक्तानी पाउने गरी थप सम्झौता गर्न सकिनेछ ।

(७) योजनाको हक हस्तान्तरण तथा स्वामित्व सम्बन्धी अन्य कार्य प्रचलित ऐन कानून बमोजिम सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा समय समयमा कार्यपालिकाले वा नगरसभाले गरेको निर्णय वा निर्देशन बमोजिम हुनेछ ।

## परिच्छेद — ६ (छ)
## कोष सम्बन्धी व्यवस्था

**३१. सार्वजनिक निजी साझेदारी कोषः** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० को प्रावधान बमोजिम सार्वजनिक निजी साझेदारीका माध्यमबाट सञ्चालन व्यवस्थापन गरिने योजनाहरुको सफल कार्यान्वयनका लागि आकस्मिक कोषको रुपमा एक सार्वजनिक निजी साझेदारी कोषको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिम साथै तोकिए बमोजिमको नगद तथा जिन्सि जम्मा हुनेछ ।

क. संघीय सरकार, प्रदेश सरकार, नगरपालिकाबाट सार्वजनिक निजी साझेदारी अन्तर्गत निर्माण, सञ्चालन तथा व्यवस्थापन हुने योजनाको लागि प्राप्त हुने सशर्त वा निशर्त अनुदान वापतको नगद रकम तथा जिन्सि समान ।

ख. सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने योजनाका लागि नेपाल सरकारको स्वीकृतिमा विदेशी विकास साझेदार वा दातृ निकायबाट सशर्त वा निशर्त अनुदान वा सहयोग तथा ऋण वापतको प्राप्त नगद रकम तथा जिन्सि सामान ।

ग. सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने योजना वापतको धरौटी/जमानत/रोयल्टी वा साझेदारी वापतको रकम ।

घ. योजनाको कार्यान्वयन कर्ता साझेदार व्यक्ति/संस्था/निकाय/ समुदायले सम्बन्धित योजनाको हक हस्तान्तरण गर्दाका बखत नगरपालिकाको स्वामित्व स्थापित हुने गरी कानूनत प्रदान गरेको रकम, जग्गा जमिन तथा जिन्सी सामान ।

घ. अन्य तोकिए बमोजिमका नगद तथा जिन्सी सामानहरु ।

(३) उपदफा (१) बमोजिमको कोषको सञ्चालनका लागि नगरपालिकाले आफुलाई पायक पर्ने नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त कुनैपनि बैङ्कमा खाता खोली सञ्चालनमा ल्याउनेछ भने जिन्सी सामानको आय व्यय विवरण प्रचलित कानून साथै तोकिएको व्यवस्था बमोजिम हुनेछ ।

(४) सार्वजनिक निजी साझेदारी कोषको सञ्चालन व्यवस्थापन तथा सम्बन्धित कोषमा जम्मा भएको नगद तथा जिन्सी समानको उपयोग तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद — ७ (सात)
## अनुमति पत्र प्राप्त व्यक्ति/संस्था/निकाय/समुदायको अधिकार तथा सुविधा सम्बन्धी व्यवस्था

**३२. अन्य व्यक्ति/संस्था/निकाय/समुदायसँग सम्झौता गर्न सक्नेः** (१) सार्वजनिक निजी साझेदारी अन्तर्गत योजनाको कार्यान्वयन गर्न अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्त्ति/संस्था/निकाय/समुदायले सम्झौता बमोजिमको सम्बन्धित योजनाको सवै काम वा कुनै कामको केहि अंश कार्यान्वयका लागि सार्वजनिक निजी साझेदारी समन्वय समितिको सहमतिमा अन्य कुनै विश्वासिलो र भरपर्दो स्वदेशी वा विदेशी व्यक्ति/संस्था/निकाय सँग सम्झौता गरी योजनालाई कार्यान्वयनमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता गरिएको कारणबाट सम्बन्धित योजनाको कार्यान्वयन गर्ने अनुमति प्राप्त व्यक्त्ति/संस्था/निकाय/समुदाय सम्बन्धित योजना कार्यान्वयका लागि नगरपालिकासँग गरिएको सम्झौताको दायित्वबाट मुक्त्त भएको वा छुटकारा पाएको मानिने छैन ।

(३) उपदफा (१) बमोजिम गरिने सम्झौता तोकिए बमोजिमको प्रावधानका आधारमा गर्नु पर्नेछ ।

३३. **भाडा तथा शुल्क उठाउनेः** (१) सम्बन्धित योजनाको कार्यान्वयनका लागि नगरपालिका र अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्त्ति/संस्था/निकाय/समुदायसँग गरिएको सम्झौतमा नगरपालिकाले आफैले उठाउने वा असुल गर्ने भनी उल्लेख गरिएका वा तोकिएका वा सम्झौतमा उल्लेख भएका बाहेकको हकमा अनुमति प्राप्त सम्बन्धित निजी क्षेत्र वा

व्यक्ति/संस्था/निकाय/समुदाय आफैले उठाउन, असुल गर्न वा छुट दिन पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यका लागि गरिने अन्य व्यवस्था तथा प्रावधान तोकिए बमोजिम हुनेछन् ।

३४. **घर/जग्गा/मेसिनरी तथा उपकरण प्राप्ति/प्रयोग तथा निर्माणः** (१) योजना कार्यान्वयनको अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्त्ति/संस्था/निकाय/ समुदायले उक्त्त योजना कार्यान्वयनका लागि आवश्यक पर्ने घर/जग्गा/मेसिनरी/उपकरण तथा अन्य सामाग्रि आफैले खरिद गरी वा भाडा/लिज लगायतका अन्य सम्भाब्य उपायहरु समेत प्रयोग गरी व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यका लागि गरिने अन्य व्यवस्था तथा प्रावधान तोकिए बमोजिम हुनेछन् ।

३५. **घरजग्गा आदिमा प्रवेश गर्नसक्नेः** (१) सम्झौता बमोजिम अनुमित प्राप्त निजी क्षेत्र वा व्यक्त्ति/संस्था/निकाय/समुदायले योजना कार्यान्वयनको सिलसिलामा भौगोलिक सर्वेक्षण गर्न वा नाप नक्सा गर्न वा माटो लगायत अन्य प्राकृतिक स्रोत साधनको परीक्षण गर्न, सम्बन्धित स्थल तथा संरचनाको नाप नक्सा गर्न साथै उपरोक्त्त बमोजिमका कार्यका लागि उपकरण जडान गर्न तथा प्रयोग गर्न, जग्गा छुट्याउन तथा साँध किल्ला खडा गर्न वा निसाना लगाउने कार्यका लागि कुनै निजी क्षेत्र वा व्यक्त्ति/संस्था/निकायको घर, जग्गा, उध्योग, कलकारखाना, कार्यालय परिसर आदिमा सम्बन्धित सरोकारवालालाई पूर्व जानकारी दिई प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यका लागि गरिने अन्य व्यवस्था तथा प्रावधान तोकिए बमोजिम हुनेछन् ।

३६. **योजनाको सुरक्षाः** (१) सम्बन्धित योजना तथा योजना स्थलको सुरक्षाको बन्दोवस्त तथा जिम्मेवारी सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदाय स्वयंको हुनेछ ।

(२) योजनाको प्रकृति र सम्बेदनशिलताका कारण उपदफा (१) बमोजिमको व्यवस्थाबाट पूर्ण हुन नसक्ने अवस्थाको सिर्जना भएमा सो बारेमा सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायले सार्वजनिक निजी साझेदारी इकाई समक्ष सुरक्षाको प्रत्याभूतिका लागि थप सुरक्षा व्यवस्थाको समन्वयका लागि लिखित माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन मागका बारेमा सार्वजनिक निजी साझेदारी इकाईले सुरक्षा सम्बेदनशिलता समेतका आधारमा तोकिए बमोजिमको व्यवस्था गरी सुरक्षाको सुनिश्चितता हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) योजनाको सुरक्षा सम्बन्धी अन्य व्वयस्था तोकिए बमोजिम हुनेछ ।

३७. **विदेशी विनिमयको सुविधाः** (१) योजना कार्यान्वयन गर्ने अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायलाई योजना कार्यान्वयनको सिलसिलामा विदेशी विनिमयको आवश्यकता पर्ने भएमा निवेदकको माग बमोजिम सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिस बमोजिम नगरपालिकाले आवश्यक सहजिकरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य नगरपालिकाको काबु बहिरको रहन गएमा सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदाय स्वयंले व्यवस्थापन गर्नु पर्नेछ ।

(३) विदेशी विनिमय सम्बन्धी अन्य व्वयस्था तोकिए बमोजिम हुनेछ ।

**३८. विष्फोटक पदार्थको प्रयोगः** (१) सम्झौता बमोजिम सञ्चालनमा आएका सार्वजनिक निजी साझेदारी अन्तर्गतका योजनाको कार्यान्वयका लागि विष्फोटक पदार्थको प्रयोग गर्नु पर्ने स्थिति सिर्जना भएमा सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायबाट आवश्यक सहजिकरण सहयोगका लागि सार्वजनिक निजी साझेदारी इकाई समक्ष माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विष्फोटक पदार्थको प्रयोगको लागि आवश्यक सहजीकरण सहयोगको लागि माग भई आएमा माग बमोजिमका विष्फोटक पदार्थको प्रयोगको अनुमति प्राप्त गर्ने कार्यका लागि संघीय सरकारको सम्बन्धित निकाय समक्ष सहजीकरणका गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले सहजीकरण गर्दा समेत माग बमोजिमका विष्फोटक पदार्थ प्राप्त हुन नसकेमा सम्बन्धित व्यक्ति/संस्था/निकाय/समुदाय आफैले व्यवस्थापन गरी वा अन्य बैकल्पिक माध्यमबाट योजनाको कार्य नियमित सञ्चालन व्यवस्थापन गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको कार्यका लागि आवश्यक प्रक्रिया र आधार तोकिए बमोजिम हुनेछन् ।

**३९. कानून बमोजिम सुविधा पाउनेः** (१) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने योजना निर्माण, सञ्चालन तथा व्यवस्थापन गरे वापत यस ऐनमा उल्लेख गरिएका साथै सम्झौतामा उल्लेख गरिए बाहेकका कानूनत प्राप्त गर्न सक्ने संरक्षण, सुविधा, सहुलियत तथा छुट सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायले प्राप्त गर्ने सक्नेछ ।

**(२)** यसै ऐनमा साथै सम्झौतामा उल्लेख भएको व्यवस्था तथा प्रचलित कानून विपरित नगरपालिका समक्ष वा मातहतका समिति/इकाई समक्ष

सम्बन्धित निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायले कुनै प्रकारको संरक्षण, सुविधा, सहुलियत तथा छुट माग गर्न पाईनेछैन साथै कथम कदाचित माग भएमा त्यस्तो सुविधा उपलब्ध गराउन नगरपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (१) बमोजिम सुविधा प्राप्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

४०. **सेवा सुविधा तोक्ने तथा उलपब्ध गराउनेः** (१) सम्बन्धित योजनाको कार्यान्वयनको अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायले उपभोक्तालाई उपलब्ध गराउने सेवा सुविधाका बारेमा सम्झौतामा उल्लेख भए बमोजिम आवश्यक शर्त तोक्न तथा लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शर्त विपरित उपभोक्ताले अन्य सेवा सुविधाको उपभोग गर्न पाउने छैन ।

(३) सेवा सुविधा तोक्ने तथा उपलब्ध गराउने सम्बन्धिका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ८ (आठ)
## विवाद समाधान सम्बन्धी व्यवस्था

४१. **विवाद समाधान कार्यदलः** (१) सार्वजनिक निजी साझेदारीमा सञ्चालनमा आएका वा आउने योजनाका प्रकृयागत तथा कार्यान्वयनगत अवस्थाका बारेमा उत्पन्न हुने सक्ने सम्भावित विवाद समाधानका लागि सार्वजनिक निजी साझेदारी समन्वय समितिले विवादको प्रकृति अनुसार निश्चित समयका लागि एक **"विवाद समाधान कार्यदल"** को गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवाद समाधान कार्यदलको गठन तथा काम, कर्तव्य र जिम्मेवारी यस ऐनमा उल्लेख भएकोमा सोही बमोजिम तथा नभएको हकमा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको विवाद समाधान कार्यदलले यस ऐनमा भएको व्यवस्थाका अतिरिक्त तोकिए बमोजमका विधि र प्रक्रिया अवलम्बन गरी सम्बन्धित समिति/उपसिमित/इकाई/कार्यदल बाट समाधान हुन नसकेका विवादहरुको उपयुक्त निकास खोजी विवाद समाधान सम्बन्धी आवश्यक कार्य गर्नेछ ।

४२. **प्रस्ताव छनौट तथा निर्णय सम्बन्धी विवादको समाधानः** (१) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने योजनाको कार्यान्वयनका लागि माग भई वा नभई प्राप्त हुन आएका प्रस्तावहरु कार्यपालिका वा सार्वजनिक निजि साझेदारी सम्वन्वय समिति वा सार्वजनिक निजी साझेदारी इकाईबाट छनौट गर्दा वा छनौटको निर्णय गर्दा आफुलाई अन्याय भएको वा क्षति पुगेको भनी कुनै प्रस्तावकले उक्त निर्णयको पुनरावलोकनका लागि सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष लिखित निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनको सुनुवाई सम्बन्धित योजनाको सम्झौता हुनुभन्दा अघिको अवस्था रहेमा मात्र हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर गरिने सम्पूर्ण सुनुवाई तथा कारवाही तोकिए बमोजिम हुनेछ ।

४३. **सम्झौता तथा कार्यान्वयन सम्बन्धी विवादको समाधानः** (१) योजना कार्यान्वयन गराउने र गर्ने दुवै पक्षको सहमति तथा तोकिएको प्रावधान बमोजिम सम्झौता भईसकेपछि सम्झौताका कुनै पनि प्रावधान वा बुँदामा चित्त नबुझेको भनी कुनै पनि पक्षले कहि कतै उजुर बाजुर गर्न पाईने छैन ।

**(२)** उपदफा (१) मा उल्लेख गरिएको व्यवस्था बिपरित कुनै पक्षले उजुर बाजुर गरेमा यसै प्रावधान बमोजिम उक्त उजुरी बदरभागी हुनेछ ।

(३) सम्झौता बमोजिम योजना कार्यान्वयन गर्दा नगरपालिका/सार्वजनिक निजी साझेदारी समन्वय समिति र सम्बन्धित योजनाको कार्यान्वयनको अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/ निकाय/समुदाय बीच कार्यान्वयनको प्रक्रिया/गुणस्तर साथै सम्झौता बमोजिमका प्रावधान पालना नगरेको वा नगराएको भनी विवाद उत्पन्न भएमा सम्बन्धित पक्षले आपसी छलफल तथा सम्बाद गरी विवाद समाधान गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान हुन नसकेमा उक्त विवाद समाधानका लागि विवाद समाधान कार्यदल समक्ष पेस गरिनेछ ।

(५) विवाद समाधान सम्बन्धीका सम्पूर्ण प्रक्रिया र विधि तोकिए बमोजिम हुनेछन् ।

४४. **क्षतिपूर्तिः** (१) योजना कार्यान्वयन गर्ने वा गराउने पक्षले सम्झौतामा भएको प्रावधान साथै ऐन कानून विपरितका कार्य गरे गराए वापत अर्को पक्षलाई क्षति पुग्न गएमा क्षति पुर्याउने सम्बन्धित पक्षले अर्को पक्षलाई पुग्न गएको क्षतिको मूल्याङ्कन गरी गराई मनासिव माफिकको क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति माग गर्ने र क्षति पुर्याउने पक्ष बीच आपसि सहमतिमा हुन गएको क्षतिको अनुमान गरी समाधान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सहमति हुन नसकेमा उक्त विषयको समाधानका लागि आवश्यक मूल्याङ्कनका लागि क्षतिपूर्ति मूल्याङ्कन कार्यदल समक्ष पेस गरिनेछ ।

(४) क्षतिपूर्ति मूल्याङ्कन समितिले पुग्न गएको क्षतिको लेखाजोखा वा मापन गरी परिमाणात्मक तथा मात्रात्मक विवरण सहित सार्वजनिक निजी साझेदारी समन्वय समितिमा पेस गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदनका आधारमा दुवै पक्ष बसी आपसी सहमतिमा समस्याको समाधान गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम समाधान हुन नसकेमा यसको समाधान तोकिएको व्यवस्था र प्रावधानका आधारमा हुनेछ ।

## परिच्छेद — ९ (नौ)
## विविध

**४५. अन्तर सरकार तथा अन्तर स्थानीय तह बिच सहकार्य र साझेदारीः** (१) प्रचलित ऐन कानून बमोजिम संघीय/प्रदेश सरकार र तीनका निकाय/समिति/बोर्ड/प्राधीकरण लगायतका निकाय साथै अन्य स्थानीय तहसँग सार्वजनिक निजी साझेदारीमा कार्यक्रम सञ्चालन व्यवस्थापन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सहकार्य र साझेदारीका मोडेल, तौर तरिका तथा प्रक्रिया यस ऐनमा भएको व्यवस्थाका अतिरिक्ति प्रचलित ऐन कानूनको परिधि भित्र रही तोकिए बमोजिम हुनेछन् ।

**४६. सुझाव तथा निर्देशन दिन सक्नेः** (१) कार्यपालिका, अनुगमन तथा सुपरिवेक्षण समिति, सार्वजनिक निजी साझेदारी समन्वय समिति (सानिसा) तथा सार्वजनिक निजी साझेदारी इकाईले आफू मातहतका अङ्गहरुलाई तथा योजनाको कार्यान्वयन गर्ने अनुमति प्राप्त व्यक्ति/संस्था/निकाय/ समुदायलाई योजनाको सफल कार्यान्वयनका लागि समय समयमा आवश्यक सुझाव/निर्देशन दिन सक्नेछन् ।

**(२)** उपदफा (१) बमोजिम प्राप्त भएका सुझावहरुको तदारुकताका साथ कार्यान्वयनमा ल्याउनु तथा गर्नु सम्बन्धित पक्षको कर्तव्य र दायित्व हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिने सुझावका सीमा तोकिए बमोजिम हुनेछन् ।

**४७. लिज तथा भाडामा दिन सक्नेः** (१) यस ऐनमा भएको संस्थागत संरचना सम्बन्धी व्यवस्थामा आधारित रही आफु भन्दा माथिल्लो तहको अङ्ग वा तालुक तहबाट सहमति लिनु पर्ने भए सो समेत लिई नगरपालिकाको स्वमित्वमा रहेको कुनै जग्गा जमिन, घर तथा भवन, मेसिन तथा यन्त्र उपकरण साथै औजार योजना कार्यान्वयनको जिम्मेवारी वा अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/ समुदायलाई सार्वजनिक निजी

साझेदारी इकाईले आवश्यक प्रक्रिया पुरा गरी लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने भाडाको प्रक्रिया, पद्दती र भाडा दर तोकिए बमोजिम हुनेछ ।

४८. **स्थानीय स्रोत साधन र जनशक्तिको उपयोगः** (१) सार्वजनिक निजी साझेदारी मार्फत सञ्चालन हुने योजनाको कार्यान्वयनका लागि अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायले स्थानीय स्तरमा उपलब्धता रहेसम्म यस प्रकारका स्रोत साधन तथा जनशक्तिको प्रयोग तथा उपयोग स्थानीय स्तरबाटै गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्रोत साधनको उपयोग/प्रयोग/परिचालन समेतको व्यवस्था र आधार तोकिए बमोजिम हुनेछ ।

४९. **संयुक्त कम्पनी स्थापित गर्न सक्नेः** (१) सार्वजनिक निजी साझेदारी मार्फत सञ्चालन गरिने कुनै योजनाको कार्यान्वयनका लागि सार्वजनिक तथा निजी क्षेत्रले संयुक्त रुपमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संयुक्त कम्पनी खोल्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको कम्पनी तोकिएको सम्बन्धित कार्यालय/विभागमा दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता हुने वा भएको कम्पनीको शेयर संरचना, सञ्चालन तथा व्यवस्थापन, लाभांस तथा दायित्व बाँडफाँट लगायतका सम्पूर्ण प्रक्रिया र पध्दति लगायतका सम्पूर्ण व्यवस्था सम्बन्धित कम्पनीको प्रवन्ध पत्र र नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कम्पनीको दर्ता तथा सञ्चालन व्यवस्थापन सम्बन्धी कार्य सम्बन्धित कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको कम्पनी दर्ता गर्ने कार्यमा लाग्ने सम्पूर्ण खर्च दुवै पक्षको साझेदारीमा व्यहोरिनेछ वा सम्झौतमा उल्लेख भए बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

(६) कम्पनी दर्ता साथै सञ्चालन व्यवस्थापन सम्बन्धी अन्य कार्य तोकिए बमोजिम हुनेछ ।

**५०. अध्ययन प्रतिवेदनको अधिकारः** (१) सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालनमा आउने योजनाको कार्यान्वयन गर्ने सिलसिलामा कुनै पनि प्रस्तावकले सम्बन्धित योजनाको अध्ययन अनुसन्धान/सम्भाव्य अध्ययन/परियोजना प्रस्ताव तयार गरी प्रस्तावका साथ पेस गरेका यस प्रकारका सम्पूर्ण कागज पत्रको सर्वाधिकार सम्बन्धित प्रस्तावकको रहनेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित प्रस्तावक बाट प्राप्त यस प्रकारका प्रतिवेदन तथा त्योसँग सम्बन्धित अन्य कागजातहरु निज प्रस्तावकको लिखित स्वीकृति बिना अन्य कुनै कामको लागि प्रयोग गर्न पाईने छैन ।

(३) उपदफा (१) बमोजिमको कागजातको प्रयोग र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५१. निलम्बन गर्न तथा हटाउन सक्नेः** (१) यस ऐनको दफा १२ देखि १४ सम्मको व्यवस्था बमोजिम कार्यपालिकाले सार्वजनिक निजी साझेदारीको कार्य गर्ने गरी गठन तथा निर्माण गरेका समिति, इकाई, कार्यदल लगायतका पदाधिकारी तथा सदस्यहरुले ऐन कानून विपरितका काम गरेको, आफूलाई प्राप्त जिम्मेवारी कुशलता पूर्वक सम्पादन नगरेको, सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालनमा रहेका कुनै पनि योजनालाई जानाजान क्षति पुर्याउने जस्ता कार्य गरेको पाइएमा सम्बन्धित अङ्ग वा तहको मातहतका कर्मचारीको हकमा सम्बन्धित समितिले र सार्वजनिक निजी साझेदारी इकाईका पदाधिकारीको हकमा सार्वजनिक निजी साझेदारी समन्वय समितिले, सार्वजनिक निजी साझेदारी समन्वय समितिका पदाधिकारीको हकमा कार्यपालिकाले निलम्बन गर्न तथा घट्नाको प्रकृति र परिवेश समेतका आधारमा जिम्मेवारीबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका अन्य प्रावधान र कार्यहरु तोकिए बमोजिम हुनेछन् ।

**५२. प्रचलित ऐन कानून बमोजिम हुनेः** यस ऐन बमोजिम उल्लेख भएका विषयको हकमा यसै ऐन बमोजिम र उल्लेख नभएका विषयको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**५३. संशोधन तथा परिमार्जनः** यस ऐनमा समय सापेक्ष संशोधन तथा परिमार्जन गर्नु पर्ने भएमा सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा कार्यपालिकाको निर्णय सहमति बमोजिम नगर सभाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**५४. अमान्य वा निस्कृय हुनेः** यस ऐनमा उल्लेख भएका विषयहरु कहीं कतै प्रचलित ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन् ।

५५. नियम/निर्देशिका/कार्यविधि बनाउन सक्नेः यस ऐनको उद्देश्य बमोजिमका कार्यहरुको कार्यान्वयनलाई सहज, प्रभाकारी र सफल बनाउन आवश्यकताका आधारमा कार्यपालिकाले नियम/निर्देशिका/कार्यविधि बनाउन सक्नेछ ।

**आज्ञाले**
**राजकुमार के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**